गण्डकी प्रदेश विकास समस्या समाधान समितिको नवौं बैठकबाट निर्णय भएका राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने विषयहरु

| | |
|---|---|
| १ | संघ सरकारबाट प्रदेश र स्थानीय तहमा प्रदान हुने समानीकरणको अनुदानको सिलिंगमा सुनिश्चितता र स्थिरता कायम गर्नुपर्ने । |
| २ | नेपाल प्रहरीलाई प्रदेशमा यथाशिघ्र समायोजन गर्नुपर्ने। |
| ३ | प्रदेश तथा स्थानीय तहका भवन, आयोजना तथा कार्यक्रम कार्यान्वयनमा जग्गा प्राप्तिका लागि संघीय सरकारले तत्काल कानुन संशोधन गर्नुपर्ने। |
| ४ | एउटै प्रकृतिका कार्यालय संघ र प्रदेशको छुट्टाछुट्टै हुँदा काममा दोहोरोपन देखिएकाले आम नागरिकमा द्विविधा उत्पन्न हुँदा प्रदेश सरकारको क्षेत्राधिकारका विषयमा कार्य गर्न संघ सरकारले कार्यालय स्थापना नगर्ने र प्रदेशको क्षेत्राधिकारका विषय सम्बन्धित संघका त्यस्ता कार्यालय प्रदेशमा हस्तान्तरण (जस्तै संघीय खानेपानी, संघीय भवन कार्यालय) गर्ने। |
| ५ | ट्राफिक नियम उल्लंघन गरेवापत संकलन हुने जरिवानाको रकम प्रदेश सरकारले प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्ने। |
| ६ | ढुंगा, गिट्टी, बालुवा, काठ, खनिज, पर्यटन शुल्क लगायतका स्रोतहरु तथा संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टी बाँडफाँट र व्यवस्थापनका लागि प्राकृतिक स्रोत सम्बन्धी एकीकृत कानुन निर्माण गर्नुपर्ने। |
| ७ | मानव वन्यजन्तुको द्वन्द्व न्यूनिकरण गर्नका लागि विशेष बजेट तथा कार्यक्रम लागु गर्नुपर्ने। |
| ८ | प्रदेश सरकारका मन्त्रालय र मातहतका कार्यालयहरुले उपयोग गरिरहेका भवन र भवन परिसरको जग्गाको स्वामित्व प्रदेश सरकारलाई हस्तान्तरण गर्नु पर्ने। |
| ९ | संघीय निजामती सेवा ऐन शिघ्र जारी हुनुपर्ने। |
| १० | प्रदेश र स्थानीय तहका कर्मचारीका लागि संघीय तहका कर्मचारी समान वैदेशिक तालिम तथा भ्रमणका अवसर प्रदान गर्नुपर्ने। |
| ११ | प्रदेश निजामती किताबखाना सञ्चालनका लागि राष्ट्रिय किताबखाना (निजामती) को वैयक्तिक सूचना प्रणाली सहजरुपमा सञ्चालन र स्थानीय तहका कर्मचारीहरुको अभिलेख व्यवस्थापनमा प्रदेशलाई पहुँच उपलब्ध गराउनुपर्ने। |
| १२ | दहत्तर बहत्तर लगायत प्राकृतिक स्रोत बापतको राजस्व बाँडफाँटको सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ मा थप स्पष्ट गर्नुपर्ने। |
| १३ | संघीय सशर्त अनुदान तर्फका सडक, पुल, खानेपानी तथा सिंचाई आयोजनाहरुमा प्रत्येक बर्ष न्यून बजेट विनियोजन हुने, स्रोत सुनिश्चितता हुन नसकी ठेक्का प्रक्रिया अगाडि बढाउन नसकिने, निर्माण सम्पन्न नभई बिचैमा आयोजना काटिने जस्ता समस्या हुँदा संघ सरकारले अधुरा आयोजना सम्पन्न गर्न आवश्यक स्रोतको व्यवस्था गर्नुपर्ने। |
| १४ | यातायात व्यवस्थापन सम्बन्धी सफ्टवेयरको संचालन तथा व्यवस्थापन पूर्ण रुपमा प्रदेश सरकारको हुने व्यवस्था गर्नुपर्ने। |
| १५ | पोखरा जल उपयोग सिंचाई प्रणालीमा २०४७ सालमा अधिग्रहण भएको करिब १३५ रोपनी जग्गाको मुआब्जा माग सम्बन्धी विषय संघीय सरकारको तत्कालिन दायित्व भित्र पर्ने हुनाले संघीय सरकारले आवश्यक व्यवस्था गरी समस्या समाधान गर्नुपर्ने। |
| १६ | नेपाल सरकारबाट वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१, वि.सं.२०७७ मा खारेज भई वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड तयार गरी दिगो वन व्यवस्थापन गर्ने भन्ने निर्णय भए बमोजिम हाल सम्म उक्त मापदण्ड तयार भई स्वीकृत नभएकोले दिगो वन व्यवस्थापनका कार्यहरु संचालन गर्न नसकिएको हुँदा सो सम्वन्धमा मापदण्ड तयार गर्नुपर्ने। |

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश सरकार
गण्डकी प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश
पोखरा, नेपाल

| | |
|---|---|
| १७ | राष्ट्रिय वन क्षेत्रको सिमाङ्कन यकिन हुन नसक्दा वन अतिक्रमण र क्षेत्राधिकार सम्वन्धी विवाद बढ्दै गई रहेकोले राष्ट्रिय वन क्षेत्रको सिमाङ्कन गरी राष्ट्रिय वनको जग्गाधनी प्रमाण पुर्जा तयार गर्नुपर्ने। |
| १८ | संविधान अनुसार प्रदेशको राष्ट्रिय वनमा प्रदेश सरकारको एकल अधिकार कायम हुने व्यवस्था रहेकोमा वन ऐन,२०७६ जारी हुँदा सो ऐनको दफा २ (ज) मा डिभिजनल वन अधिकृतको परिभाषामा नेपाल सरकारले खटाएको डिभिजन वन कार्यालयको प्रमुख सम्झनु पर्दछ भनी उल्लेख हुँदा प्रदेश सरकारको अधिकार संकुचित हुन गई वन सम्बन्धी मुद्दाहरुको अभियोजन वन कार्यालयमा हुन नसकेकोले उक्त दफामा प्रदेश सरकारले खटाएको डिभिजन वन कार्यालयको प्रमुख भनी संसोधन गर्नुपर्ने। |
| १९ | प्रदेशका नाकामा क्वारेन्टिन स्थल सहितको चेकपोष्ट स्थापना गरी प्रदेश भित्रिने बोट विरुवा तथा जिउँदो पशुको प्रभावकारी नियमन गरी रोग, किरा तथा पशुका महामारीजन्य रोगको प्रकोप नियन्त्रण गर्न नेपाल सरकारले प्रदेश सरकारलाई विशेष सहयोग गर्नुपर्ने। |
| २० | अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य बीमा बापतको रकम समयमै सोधभर्ना हुनुपर्ने। |
| २१ | जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि प्रदेश तथा स्थानीय तहसम्म अन्तराष्ट्रिय जलवायु कोषबाट क्षतिपूर्ति उपलब्ध गराउन पहल गर्ने। |
| २२ | प्रदेशमा कम्पनी दर्ता तथा नवीकरणका लागि प्रदेश कम्पनी रजिष्ट्रार कार्यालय सञ्चालनका लागि सहजीकरण गर्नुपर्ने। |
| २३ | कोरला- त्रिवेणी सडकको दुम्किवास- त्रिवेणी खण्ड राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने भएकोले सो क्षेत्रमा सडक निर्माण कार्यमा सहजीकरण गर्नुपर्ने। |
| २४ | अन्नपूर्ण संरक्षण क्षेत्र (ACAP) र मनास्लु संरक्षण क्षेत्र (MCAP) को व्यवस्थापन अधिकार प्रदेश मातहत दिनुपर्ने। |
| २५ | कोरला नाका सञ्चालनमा ल्याउन मुस्ताङ कोरला र नवलपुरको त्रिवेणीमा आवश्यक पूर्वाधार निर्माण र स्तरोन्नति यथाशिघ्र गर्ने। |
| २६ | गोरखाको आँपपिपल अस्पताल र बाग्लुङको बुर्तिवाङ्ग अस्पताल पूर्ण रूपमा सञ्चालनको लागि आवश्यक प्रबन्ध गर्नुपर्ने। |
| २७ | पोखरा अन्तराष्ट्रिय विमानस्थलमा अन्तराष्ट्रिय उडान सुचारू गर्न आवश्यक व्यवस्था गर्नुपर्ने। |
| २८ | गण्डकी प्रदेशको राजधानी पोखरामा क्यान्सर, हृदयरोग तथा मृगौला रोग प्रादेशिक विशिष्टिकृत अस्पताल निर्माण गर्न पहल गर्नुपर्ने। |

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग